आज मिति २०८२ असोज ८ गते यस सिस्ने गाउँपालिकाका वडा न ६ मा रहेको छिप्रिङ्ह बजारमा यस गाउँपालिकाका उपाध्यक्ष श्री गोपाल रेउलेको संयोजकत्वमा बजार अनुगमन गरियो

उपस्थिति

| | | |
|---|---|---|
| श्री गोपाल रेउले | उपाध्यक्ष | सिस्ने गा.पा. |
| श्री डिल्ली खड्का | प्र. प्र. अधिकृत | ,, — ,, |
| श्री मंगलसिंह बुढा | व. शि अधिकृत | ,, — ,, |
| श्री अरुण कुमार ओली | प्रशासकीय अधिकृत | ,, — ,, |
| श्री दिलीप नेपाली | नगर प्रहरी | ,, — ,, |
| श्री भिम ब. झांक्री मगर | प. नि. प्र. | ,, — ,, |
| श्री शेर बहादुर केसी | नं प्रहरी निरीक्षक | ,, — ,, |
| श्री भोलाप्रसाद शर्मा | की. प्र. | घरेलु कार्यालय |

अन्य उपस्थिती

| | | |
|---|---|---|
| श्री पूर्ण ब. मल्ल | ६ नं. वडा अध्यक्ष | सिस्ने गा.पा. |
| श्री चन्द्र बहादुर खड्का | का. प्र. | खाद्य व्यवस्था कु. लि. |
| श्री हरि प्र. ओली | — | जिप्रका रुकुम प. |
| प्र. ह. शंकर गिरी | — | ,, — ,, |
| प्र. ज मोहन चौधरी | — | — ,, — |
| प्र. व. ना. नि. हरिब. थापा | — | ई. प्र. का. पांचर छिप्रिङ्ह रुकुम पू. |
| ना. सु. | सन्तोष मल्ल | घरेलु तथा साना उद्योग कार्यालय |
| त. सहायक | रुपा आचार्य | — ,, — |
| क० अ० सहायक | रेशम पोख्रेल | राष्ट्रिय अनुसन्धान विभाग रुकुम पूर्व |
| तारादेवी पुन | उ. वि.-स | घरेलु कार्यालय |

निर्णय :

१. बजार अनुगमनका लागि दुई टोली बनाई सिस्ने गा.पा. ५ र ६ का विभिन्न बजार क्षेत्रमा अनुगमनका खटिएको हाम्रो टोली सिस्ने गा. पा. ६ बाङ्गुर्डेरा, छिप्रिङ्ह, चिउरेनी लगायतका बजारमा अनुगमन गरियो ।

२. अनुगमन गर्दा जम्मा १९ वटा खाद्य तथा किराना पसलहरुको अनुगमन गरियो ।

३. अनुगमन गर्दा बरामद गरिएका म्याद गुज्रिएका अखाद्य वस्तुहरु नष्ट त्रिवेणी गाउँपालिकाको डम्पिङ साइटमा पालिकाकै ट्याक्टर, नगर प्रहरी, कार्यालय सहयोगी एवम् जिल्ला प्रहरी कार्यालयका स्थानीय प्रतिनिधिहरु गर्ने । यसको फोटो भिडियो राखेर ।

४. यो टोलीले जम्मा रु.२४,६३०।- बराबरको अखाद्य म्याद गुज्रिएको वस्तुहरु जफत गरी नष्ट गर्न त्रिवेणी गा.पा.को डम्पिङ साइटमा लगियो ।

[signatures]

# बजार अनुगमन प्रतिबेदन

## पुष्टभुमि

नेपालको संविधान २०७२ मा प्रत्येक उपभोक्तालाइ गुणस्तरिय वस्तु तथा सेवा प्राप्त गर्न पाउने हकको व्यवस्था गरिएको छ । गुणस्तरहिन वस्तु तथा सेवाको उपभोगमा क्षतिपुर्तिको हक समेत नेपालको संविधानमा उल्लेख गरिएको छ । उपभोक्ताको स्वास्थ्यलाइ ध्यानमा राखि बजारमा दैनिक उपभोग्य वस्तुहरुको सहज आपुर्ति व्यवस्था मिलाउने एवं बजारलाइ स्वस्थ गुणस्तरिय र प्रतिस्पधी बनाउने जिम्मेवारी राज्यको हो । यसका लागी सरकारले बजार नियमन प्रणालीलाइ चुस्त दुरुस्त बनाइ राख्न जरुरी छ । गुणस्तरिय बस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संबैधानिक अधिकारको संरक्षण तथा सम्वर्धन गर्दै उपभोक्तालाइ प्राप्त हकको प्रचलनका लागी न्यायीक उपचार गर्न र उपभोक्तालाइ हुन सक्ने हानी नोक्सानी बापत क्षतिपुर्ति उपलब्ध गराने उदेश्यले उपभोक्ता संरक्षण एन २०७५ तथा नियामावली २०७६ जारी गरिएको छ । बजारमा बिक्रि वितरण गरिने वस्तु तथा सेवामा अनियमित हुन नदिन काला बजारी नियन्त्रण गर्न र स्वस्थ प्रतिस्पर्धा कायम गर्न वेला वेलामा बजार अनुगमन गर्नु पर्ने कानुनी व्यवस्था छ । प्रचलित कानुनी व्यवस्थामा बस्तु तथा सेवाको सहज पहुचको अधिकार मुल्य परिमाण गुणस्तर शुद्दता आदि वारे सुसुचित हुन पाउने अधिकार उल्लेख छ । यस सिस्ने गाउँपालिकामा पनी स्थानीय तहको बजार अनुगमण गर्न गाउँपालिकाका उपाध्यक्षको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृत सहित विभिन्न शाखा प्रमुख तथा जनप्रतिनिधिद्वारा बजार अनुगमण गरिएको छ । नेपालको महान चाड नजिकिदै गरेको सन्दर्भमा स्थानीय बजारमा प्रतिस्पर्धा संकुचन गर्ने तथा कालो बजारी गर्ने सम्भावना बढेकोले रुकुमकोट बजारमा मिति २०८२ असोज ७ गते नियमित बजार अनुगमन गरिएको छ ।

## बजार अनुगमनको संक्षिप्त विवरण

सिस्ने गाउँपालिकाका अनुगमण संयोजक तथा गाउँपालिका उपाध्यक्ष श्री गोपाल रेउले ज्युको निर्देशनमा स्थानिय बजारमा स्वच्छता शुद्दता एवं आम उपभोकता हित प्रबद्धन गर्ने मुख्य उद्देश्यका साथ मिति २०८२ असोज ८ गते रुकुमकोट बजार अनुगमन गरिएको थियो । बजार अनुगमनमा यस गाउँपालिकाका उपाध्यक्षको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृत सहित विभिन्न शाखा प्रमुख तथा जनप्रतिनिधिलगाएत जिल्लास्तरिय अनुगमन लाई समेत मध्यनजर गरि जिल्लो टोलीसँगै अनुगमण गरेकोले झन बढि प्रभावकारि तथा सजिलो भएको थियो ।

बजार अनुगमन बिहान ८ बजे देखि छिप्रिदह तल्लो बजारबाट शुरु गरिएको थियो । जसमा विशेष गरि गल्ला खद्यान्न तथा किराना पसल मासु पसल फलफुल पशल पेय पदार्थका पसल आदि अनुगमन गरिएको थियो । विशेष गरी समानको म्याद समाप्ति मिति भण्डारण अवस्था सरसफाइ मुल्य सुचि पसल दर्ताका आधिकारीक कागजातहरु लगायत विविध पक्षहरुको सुक्ष्म अनुगमन गरिएको थियो । अनुगमनमा देखिएका कम्जोरीहरुका सम्बन्धमा राय सुझाव दिइएको थियो ।

<u>अनुगमनका केहि विवरणहरु</u>

सिस्ने गाउँपालिका वडा नं ५ र ६ बजार अनुगमण गर्न सिस्ने गा.पा, जिल्ला प्रशास कार्यालयका साथै घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला प्रहरि कार्यालय, नेपाल पत्रकार महासंघका प्रतिनिधिकहरु, उद्योग वाणिज्य संघ लगाएतको टोलीहरु सवैजना सुरुमा जिल्ला प्रशासन कार्यालयमा भेला भई अनुगमण कसरि कुन टिम कहाँबाट जाने भनी निधो गरि सुरुवात गरिएको थियो ।

हाम्रो टोलीले सिस्ने गाउँपालिका वडा नं ५ र ६ मा रहेका जम्मा ३० वटा किराना तथा खाध्यान्न पसलको अनुगमण गर्यो जस्को अनुगमण गर्ने क्रममा जम्मा रु

३३,७८०। मुल्य बराबरको अखाध्य तथा म्याद गुज्रिएका बस्तुहरु फेला पारि जफत गरिएको थियो ।

जफत गरिएका म्याद गुज्रिएका वस्तुहरु व्याव्स्थापन गर्न जिल्ला प्रहरि कार्यालयमा जम्मा गरि यस सिस्ने गाउँपालीकाको धाउनेमा रहेको Dumping Site मा यस गाउँपालिकाका नगर पुलिस र प्रहरि कार्यालयका प्रहरि प्रतिनिधिको रुपमा लगी जलाईयो । सो जलाउने निर्णय जिल्ला प्रहरि कार्यालयमा अनुगमण टोलीले निर्णय गरेको थियो ।

## अनुगमनका प्रभावहरु

१ बजार अनुगमन प्राय नियमित नहुने भएको कारण ब्यापारी तथा उपभोक्ताहरु उपभोग्य बस्तु तथा सेवा प्रति सचेत नभएको पाइयो ।

२ बजार अनुगमनले ब्यापारीहरुले माल समानको मुल्य सुचि टाँस्ने समाप्ति मिति हेरेर कारोबार गर्ने सरसफाइ गर्ने लगायतका कुरामा जागरुकता बढदै जाने देखिन्छ ।

३ बजार अनुगमनले बजारमा बस्तु तथा सेवाको आपुर्ति तथा उपभोगमा उपभोक्तामा सकारात्मक प्रभाव पर्ने देखियो ।

४ पसलको दर्ता नविकरण तथा आफ्ना आधिकारीक कागजातहरु दुरुस्त राख्ने कुरामा सचेतना बृदि भएको पाइयो ।

५ दर्ता नविकरणमा बढावा हुदा ब्यापारीहरुमा कर तिर्ने बानीको विकास भइ राज्यको आय बृदि हुने देखियो ।

६ बजारको फोहर मैला ब्यवस्थापन तथा समग्र बजार ब्यवस्थापनमा सघाउ पुग्ने देखियो ।

CamScanner

७ ब्यवस्थित बजार स्वच्छ कारोबार तथा प्रतिस्पर्धा प्रवर्द्धन भइ उपभोक्ता हित प्रवर्द्धन हुने ।

<u>सुझावहरु</u>

१ उपभोग्य बस्तु तथा सेवाको उपयुक्तता सम्बन्धमा सवभन्दा पहिले उपभोक्ताहरु नै जागरुक हुने पर्ने देखिन्छ ।

२ उपभोक्ताले बस्तु तथा सेवाको खरिद गर्दा मुल्य सुचि हेर्ने समाप्ति मिति हेर्ने सामान्य गुणस्तरको अनुमान गर्ने कारोबारको बिल माग गर्ने लगायतका सचेतता अपनाएमा बजारको धेरै हद सम्म सुधार हुने देखिन्छ ।

३ बजार अनुगमन नियमित रुपमा जिल्लाका सबै बजार क्षेत्रमा बिशेष गुणस्तर परीक्षण सहित हुन पर्ने देखिन्छ ।

४ बजार अनुगमनमा सरोकारवाला सवै पक्षहरुको सहभागितामा गरी अपनत्व लिनु पर्ने देखिन्छ ।

५ जिल्लाका सबै वजारहरुको नियमित र समानुपातिक रुपमा अनुगमन गरी सुझाव दिने गरेमा जिल्लाको समग्र बजार अवस्थामा सुधार हुने ।

६ कतिपय पेय पदार्थहरुको अग्रिम उत्पादन मिति उल्लेख गरी बजारमा ल्याएको पाइएकोले उत्पादक कम्पनीको नै सम्बन्धित स्थानबाट छड्के अनुगमन समेत गरी सचेत गराउनु पर्ने देखियो ।

प्रतिबेदन प्रस्तुतकर्ता<br>
६अरुण कुमार ओली<br>
प्रशासकीय अधिकृत

CS CamScanner